आज मिति २०८० साल पौष २० गते शुक्रबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा २४ (चौबिसौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृत: श्री ईश्वरी प्रसाद शर्मा

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

**छलफलका लागि पेश भएका विषयहरु:**

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. आर्थिक वर्ष २०८०/०८१ को लागि दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन कार्य-प्रकृया सम्बन्धमा।

३. भद्र दल गण, भकुण्डेबेशीको सहकार्यमा संचालन गरिने विपद् व्यवस्थापन सम्बन्धी तालिमको लागि सहभागी छनोट गर्ने सम्बन्धमा।

४. नेपाल विद्युत प्राधिकरण, काभ्रे वितरण केन्द्रबाट सडकबत्तीहरुको वडावाईज निरीक्षण, संख्या गणना तथा साईज/क्षमता सहितका विस्तृत विवरण तयार गर्नका लागि आवश्यक सहजीकरण गर्ने सम्बन्धमा।

५. सडकहरुको नामाकरण तथा मापदण्ड पुनरावलोकन गर्ने सम्बन्धमा।

६. नगर प्रहरी व्यवस्थापन गर्ने सम्बन्धमा।

७. दोश्रो नगर सभाको चौथो अधिवेशन (हिउँदे अधिवेशन) को तयारी तथा आवश्यक कानून तर्जुमा सम्बन्धमा।

८. विविध।

**निर्णयार्थ पेश भएका विषयहरु:**

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. दोश्रो नगर सभाको चौथो अधिवेशन (हिउँदे अधिवेशन) को मिति तथा समय तोक्ने सम्बन्धमा।

३. क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा।

४. आर्थिक सहयोग गर्ने सम्बन्धमा।

५. आर्थिक वर्ष २०८१/०८२ को लागि संघीय सरकार तथा बागमती प्रदेश सरकारलाई पठाउने समपुरक तथा विशेष अनुदानका योजनाहरुको सम्बन्धमा।

६. दोश्रो नगर सभाको चौथो अधिवेशन (हिउँदे अधिवेशन)का लागि संशोधन गर्ने आयोजना तथा कार्यक्रमको विवरण माग गर्ने सम्बन्धमा।

७. अध्ययन विदा स्वीकृत गर्ने सम्बन्धमा।

८. भद्र दल गण, भकुण्डेबेशीको सहकार्यमा संचालन गरिने विपद् व्यवस्थापन सम्बन्धी तालिमको लागि सहभागी छनोट गर्ने सम्बन्धमा।

९. आर्थिक वर्ष २०७८/०७९ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (एफआरए) को मूल्यांकन गर्ने सम्बन्धमा।

१०. आर्थिक वर्ष २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन प्रणाली (एलआईएसए) को मूल्यांकन गर्ने सम्बन्धमा।

११. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

यस नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को दोश्रो नगर सभाको चौथो अधिवेशन (हिउँदे अधिवेश) मिति २०८०/०९/२६ गते विहिबार दिनको ठिक ११:०० बजे नगरपालिकाको सभा हल, भकुण्डेबेशीमा गर्ने।

निर्णय नम्बर ३:

नमोबुद्ध नगरपालिका ०९ नम्बर वडा कार्यालयको प.सं. २०८०/०८१, च.नं. ४५८, मिति २०८०/०९/११ गतेको सिफारिस पत्रका सन्दर्भमा नमोबुद्ध नगरपालिका वडा नम्बर ०९ अन्तर्गतको दाप्चा-फलामेसाँघु सडक विस्तारको क्रममा सडकको न्यूनतम मापदण्ड पूरा गर्न मान बहादुर दमाईको घर भत्काउनुपर्ने भएकोले मूल्यांकनले खामेको खण्डमा रकम रु. १,००,००० (अक्षेरुपी एक लाख) क्षतिपूर्ति वापत निज घरधनीलाई उपलब्ध गराउने।

निर्णय नम्बर ४:

काभ्रेपलाञ्चोक जिल्ला खेलकुद विकास समितिको प.सं. २०८०/०८१, च.नं. २७, मिति २०८०/०९/१९ को आर्थिक सहयोग सम्बन्धमा प्राप्त पत्रका सन्दर्भमा काभ्रेपलाञ्चोक जिल्ला खेलकुद विकास समितिले मिति २०८० पौष २७ गते देखि २९ गते सम्म आयोजना गर्ने जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको लागि रकम रु.१,००,००० (अक्षेरुपी एक लाख) आर्थिक सहयोग उपलब्ध गराउने। साथै आगामी जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यस नगरपालिकामा आयोजना गर्नका लागि सम्बन्धित निकायमा प्रस्ताव गर्ने।

निर्णय नम्बर ५:

आर्थिक वर्ष २०८१/०८२ का लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि यस नगरपालिकाको वार्षिक नगर विकास योजनामा समावेश गरी नियमानुसार आवश्यक बजेट विनियोजनका साथै कार्यान्वयन गर्ने प्रतिबद्धता गर्दै यस नगरपालिकाबाट तपशिल बमोजिमका आयोजना/कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने।

तपशिलः

क. समपुरक अनुदान तर्फः

| क्र.म. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | नौबिसे-कात्रे सडक | वडा नम्बर ०७ | |
| २. | दलसिंगे-ऐसेलुचौर-दाप्चा सडक | वडा नम्बर १० | |

ख. विशेष अनुदान तर्फः

| क्र.म. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण | नगर स्तरीय | |

आर्थिक वर्ष २०८१/०८२ का लागि बागमती प्रदेश सरकार समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि यस नगरपालिकाको वार्षिक नगर विकास योजनामा समावेश गरी नियमानुसार आवश्यक बजेट विनियोजनका साथै कार्यान्वयन गर्ने प्रतिबद्धता गर्दै यस नगरपालिकाबाट तपशिल बमोजिमका आयोजना/कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने।

तपशिलः

क. समपुरक अनुदान तर्फः

| क्र.म. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | भकुण्डेबेशी-आरुबारीचौर-तल्लो हटिया-दाप्चा सडक | वडा नम्बर ०८ | |
| २ | २० किलो-दाहालचौर-चापाँको बोट छाप वडा कार्यालय सडक | वडा नम्बर ०३ | |
| ३ | श्यामपाटी-कुरूगाउँ-वडा कार्यालय हुँदै भालुखर्क सडक | वडा नम्बर ११ | |
| ४ | २ नम्बर वडा कार्यालय-सालथुम्की सडक | वडा नम्बर ०२ | |
| ५ | कानपुर डाँडागाउँ हुँदै वि.पि. राजमार्ग जोड्ने सडक क्रमागत | वडा नम्बर ०५ | |

ख. विशेष अनुदान तर्फः

| क्र.म. | आयोजना/कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण | नगर स्तरीय | |
| २ | उर्जा किफायती अन्न भण्डारण तथा प्रशोधन प्रविधिको उपयोग, व्यवसायिक तरकारी तथा फलफुल खेतीको | नगर स्तरीय | |

| | | | |
|---|---|---|---|
| | लागि बजार प्रवर्द्धन कार्यक्रम | | |
| ३ | विपद् आपतकालीन संचालन केन्द्र स्थापना | नगर स्तरीय | |

**निर्णय नम्बर ६:**

मिति २०८०/०९/२६ गते हुने आर्थिक वर्ष २०८०/०८१ को दोश्रो नगर सभाको चौथो अधिवेशन (हिउँदे अधिवेश) का लागि यस नगरपालिकाको दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट आर्थिक वर्ष २०८०/०८१ को लागि स्वीकृत भएको वार्षिक नगर विकास योजनामा रहेका वडा स्तरीय कार्यक्रम तथा बजेट माथिको संशोधन तथा केहि विशेष प्रस्ताव भएमा वडा समितिको निर्णय सहित लिखित रुपमा मिति २०८०/०९/२३ गते भित्र यस नगरपालिकामा जानकारी गराउने।

**निर्णय नम्बर ७:**

यस नगरपालिकामा अधिकृत आठौं पदमा कार्यरत श्री विनोद रसाइली (क.सं.न.१८९७४३) ले आफ्नो निजी प्रयासमा संयुक्त राज्य अमेरिका स्थित Maharishi International University अन्तर्गत Masters in Computer Science and Management विषयमा अध्ययन गर्नको लागि नमोबुद्ध नगरपालिकाको मिति २०८०/०३/२५ गते बसेको नगर कार्यपालिका बैठकको निर्णय अनुसार निजलाई उक्त विषय अध्ययन गर्नका लागि पूर्व स्वीकृति दिई बागमती प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८०/३/१८ को निर्णयानुसार पूर्व स्वीकृति प्रदान गरिएकोमा निजले मिति २०८०/३/२७ (July 12, 2023) मा आवेदन दिएको र मिति २०८०/७/८ (October 25, 2023) मा भर्ना भई मिति २०८०/९/१० गते अमेरिकी राजदुतावासबाट प्रवेश आज्ञा समेत प्राप्त गरेको हुँदा नियमानुसार सम्बन्धित मन्त्रालयबाट निजको अध्ययन विदा स्वीकृतिको लागि सिफारिस गर्ने र सो सम्बन्धमा नगरपालिकाबाट भएको निर्णय समेत अनुमोदन गर्ने।

**निर्णय नम्बर ८:**

यस नमोबुद्ध नगरपालिकाको आयोजना तथा भद्र दल गण, भकुण्डेबेशीको प्राविधिक सहयोगमा मिति २०८०/०९/२७ गते देखि २९ गते सम्म विपद् व्यवस्थापन सम्बन्धी तालिम संचालन गर्ने। तालिमका लागि प्रत्येक वडाबाट ४ जना पुरुष र १ जना महिला गरी जम्मा ५ जना सहभागी छनोट गरी पठाउने र सो तालिम संचालन गर्दा लाग्ने खाजा खर्च तथा सहभागीलाई आतेजाते वापत प्रति दिन रु. ५०० (अक्षेरुपी पाँच सय) लगायतका खर्च नगरपालिकाले व्यहोर्ने।

निर्णय नम्बर ९:

स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरुको पहिचान गरी यसको लेखाजोखाको माध्यामबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्ने उदेश्यले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि, २०७७ कार्यान्वयनमा ल्याए अनुसार सोहि प्रणालीमा उल्लेख भएका सूचकहरु मूल्यांकन गरी अंक सहित नगर प्रमुख स्तरीय निर्णयबाट २०८० पौष २५ गतेसम्म सम्बन्धित निकायमा पठाउने।

निर्णय नम्बर १०:

स्थानीय तहमा जवाफदेहीता, पारदर्शीता र प्रतिस्पर्धा प्रवर्द्धन गर्दै सुशासन कायम गर्ने उदेश्यले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश सरकारले स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन प्रणाली (एलआईएसए), २०७७ कार्यान्वयनमा ल्याए अनुसार सोही प्रणालीमा उल्लेख भएका सूचकहरुको मूल्यांकन गरी अंक सहित नगर प्रमुख स्तरीय निर्णयबाट २०८० पौष मसान्तसम्म सम्बन्धित निकायमा पठाउने।